17th of Jan 2026

यो आकाशवाणी हो

मुख्य समाचारहरुबाट

- प्रधानमन्त्री Narendra Modi र फ्रान्सका राष्ट्रपति Emmanuel Macron बीच मुम्बईमा द्विपक्षीय वार्ता
- नयाँ दिल्लीमा 'इन्डिया एआई इम्प्याक्ट समिट'को दोस्रो दिन;ग्लोबल साउथको पहिलो विश्व एआई शिखर सम्मेलनमा 20 देशका नेताको सहभागिता
- अमित शाहद्वारा गाँधीनगरमा 'मन्थन' राष्ट्रिय सहकारिता सम्मेलनको उद्घाटन
- Tarique Rahman ले लिनुभयो बंगलादेशका प्रधानमन्त्रीका रूपमा शपथ ग्रहण

समाचार विस्तारमा

प्रधानमन्त्री Narendra Modi र Emmanuel Macron बीच मुम्बईमा द्विपक्षीय वार्ता

प्रधानमन्त्री Narendra Modi र फ्रान्सका राष्ट्रपति Emmanuel Macron बीच आज मुम्बईस्थित लोक भवनमा द्विपक्षीय वार्ता सम्पन्न भएको छ। दुई नेताबीच रक्षा, सुरक्षा, व्यापार तथा सांस्कृतिक आदान–प्रदानलगायत विभिन्न प्रमुख क्षेत्रमा भारत–फ्रान्स रणनीतिक सहकार्य सुदृढ गर्ने विषयमा छलफल भएको बताइएको छ। समाचार प्राप्त हुँदासम्म प्रतिनिधिमण्डलस्तरीय वार्ता जारी रहेको थियो। दुवै देशबीच विभिन्न समझदारीपत्र मा हस्ताक्षर हुने अपेक्षा गरिएको छ। byteee

राष्ट्रपति म्याक्रोंले मुम्बई भ्रमणका क्रममा Taj Mahal Palace Hotel मा पुगेर 26/11 मुम्बई आतङ्कवादी हमलाका पीडितहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो। उहाँले सामाजिक

सञ्चालमार्फत सन्देश जारी गर्दै आतंकवादविरुद्धको लडाइँमा फ्रान्स भारतसँग एकजुट रहेको उल्लेख गर्नुभयो तथा पीडितका परिवारजनप्रति ऐक्यबद्धता र समवेदना व्यक्त गर्नुभयो।
राष्ट्रपति म्याक्रोंले भारतीय चलचित्र क्षेत्रका चर्चित व्यक्तित्वहरूसँग पनि भेटघाट गर्नुभएको थियो, जसले दुई देशबीचको सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरिएको छ।

नयाँ दिल्लीमा ‘इन्डिया एआई इम्प्याक्ट समिट’को दोस्रो दिन;ग्लोबल साउथको पहिलो विश्व एआई शिखर सम्मेलनमा 20 देशका नेताको सहभागिता

नयाँ दिल्लीमा जारी ‘इन्डिया एआई इम्प्याक्ट समिट’को आज दोस्रो दिन हो। आज समावेशी तथा रूपान्तरणकारी विकासका लागि एआई को प्रयोगमा केन्द्रित विभिन्न प्यानल discussion-हरू आयोजना गरिँदैछन्। यी सत्रहरूमा सामाजिक कल्याणमा एआईको प्रभाव, भारतको सार्वभौम एआई तथा डाटाको विस्तार, नवप्रवर्तनमार्फत प्रभाव विस्तार, र सार्वजनिक स्वास्थ्य क्षेत्रमा एआईले ल्याउने क्रान्तिकारी परिवर्तनबारे विस्तृत चर्चा हुनेछ।
यो पाँच दिने सम्मेलन हिजोदेखि सुरु भएको हो। सम्मेलनअन्तर्गत राष्ट्रिय सुरक्षाका लागि एआई, एआई युगमा साइबर सुरक्षा रणनीति, तथा जनमैत्री एआई जस्ता महत्वपूर्ण विषयहरूमा पनि छलफलहरू समावेश छन्।

आज स्वास्थ्य, ऊर्जा, शिक्षा, कृषि, लैङ्गिक सशक्तीकरण र दिव्याङ्गता क्षेत्रमा एआईसम्बन्धी ‘केसबुक’सहित प्रमुख ज्ञानसामग्री सार्वजनिक गरियो। साथै, एआईका विविध अनुप्रयोगहरूबारे विशेष सेमिनार पनि आयोजना गरिने कार्यक्रम रहेको थियो। आजका मुख्य सत्रहरू व्यावहारिक नवप्रवर्तन, सहकार्यात्मक संरचना तथा समावेशी डिजिटल प्रगतिमा केन्द्रित रहेका थिए।

यो ग्लोबल साउथमा आयोजना गरिएको पहिलो विश्वव्यापी एआई शिखर सम्मेलन हो, जसमा 20 देशका विश्व नेता सहभागी छन्। सम्मेलनमा विश्व नेता, नीति निर्माता, प्रविधि कम्पनी, नवप्रवर्तक र विज्ञहरू एउटै मञ्चमा भेला भई सुशासन, नवप्रवर्तन र दिगो विकासका क्षेत्रमा एआईको रूपान्तरणकारी सम्भावनाबारे प्रदर्शन र विमर्श गरिरहेका छन्।

एआईको रणनीतिक महत्वलाई ध्यानमा राख्दै भारतले सशक्त र समावेशी एआई पारिस्थितिकी तन्त्र निर्माणलाई उच्च प्राथमिकतामा राखेको छ। 'इन्डिया एआई मिशन', एआई कम्प्युटिङ पूर्वाधार विकास, स्वदेशी एआई मोडेल प्रवर्द्धन तथा व्यापक क्षमता अभिवृद्धि कार्यक्रमजस्ता पहलहरूले देशमा जिम्मेवार र विश्वसनीय एआई विकासका लागि मजबुत आधार तयार गरिरहेको छ। Akashvani News सँगको विशेष कुराकानीमा सन्चार मन्त्री वैष्णवले एआई सम्मेलनमा देखिएको उत्साहले एआई, पूर्वाधार र प्रविधि क्षेत्रमा भारतको विश्वव्यापी पहिचान स्पष्ट रूपमा झल्काएको उल्लेख गर्नुभयो। उहाँका अनुसार एआई क्षेत्रमा भइरहेको तीव्र प्रगति र पूर्वाधार विस्तारले भारतलाई विश्वस्तरमा सशक्त स्थानमा पुऱ्याइरहेको छ।

अमित शाहद्वारा गाँधीनगरमा 'मन्थन' राष्ट्रिय सहकारिता सम्मेलनको उद्घाटन

गृह तथा सहकारिता मन्त्री Amit Shah ले आज Mahatma Mandir, Gandhinagar मा उच्चस्तरीय राष्ट्रिय सम्मेलन 'मन्थन'को उद्घाटन गर्नुभयो। उक्त बैठकमा सबै राज्य र केन्द्रशासित प्रदेशका सहकारिता मन्त्री तथा वरिष्ठ अधिकारीहरू सहभागी भएका थिए।

दिनभर सञ्चालन भएको यस सम्मेलनमा विश्वकै सबैभन्दा ठूलो अन्न भण्डारण योजनाअन्तर्गत दुई लाख नयाँ बहुउद्देश्यीय प्राथमिक कृषि ऋण समिति (PACS) स्थापना तथा आधुनिक गोदामहरूको राष्ट्रव्यापी विस्तारमार्फत सुदृढ अन्न भण्डारण व्यवस्थाको प्रगतिबारे समीक्षा गरिनेछ।

सम्मेलनमा सहकारी बैंकहरूको डिजिटलीकरण, राज्य सहकारी कानुनमा सुधार, तथा Amul र National Dairy Development Board (एनडीडीबी) को सहकार्यमा दुग्ध सञ्जाल विस्तारबारे पनि छलफल भयो।

हाम्रा संवाददाताका अनुसार मन्त्री शाहले गुजरातमा दुई सय अनठाउनकरोड रुपैयाँ बराबरका पाँच सहकारी परियोजनाहरूको भर्चुअल उद्घाटन गर्नुभयो। साथै, सावरकुंडला र पाटनस्थित विशाल गोदामसहित 7 करोड रुपैयाँभन्दा बढी लागतका दुई परियोजनाहरूको शिलान्यास पनि गर्नुभएको छ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

विदेश मन्त्री जयशंकर

विदेश मन्त्री एस. जयशंकरले भारतले विश्वका साझेदार देशहरूसँग अझ सुदृढ र प्रभावकारी रूपमा सहकार्य विस्तार गरिरहेको बताउनुभएको छ। उहाँले हालै सम्पन्न भएका व्यापार सम्झौताहरू भारतको बढ्दो आर्थिक आत्मविश्वासका स्पष्ट संकेत भएको उल्लेख गर्नुभयो।

मुम्बईमा आयोजित 'वैश्विक आर्थिक सहयोग सम्मेलन'लाई सम्बोधन गर्दै विदेश मन्त्री जयशंकरले विश्वमा उत्पादन र वित्तीय साधनहरूलाई हतियारका रूपमा प्रयोग गर्ने प्रवृत्ति बढ्दो रहेको बताउनुभयो। यसले निर्यात नियन्त्रण र अस्थिरताको वातावरण सिर्जना गरेको उहाँको भनाइ थियो। उहाँले वर्तमान समयलाई अस्थिर चरणका रूपमा उल्लेख गर्दै विश्वव्यवस्थामा महत्वपूर्ण परिवर्तनहरू भइरहेको बताउनुभयो।

हालैका घटनाक्रमबारे बोल्दै डा. जयशंकरले प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पबीच टेलिफोन वार्तापछि अमेरिकाले भारतीय वस्तुहरूमा लगाइएको टैरिफ 50 प्रतिशतबाट घटाएर 18 प्रतिशतमा झारेको जानकारी दिनुभयो। साथै, उहाँले भारत र युरोपेली संघबीच प्रस्तावित स्वतन्त्र व्यापार सम्झौता (एफटीए) को पनि उल्लेख गर्नुभयो। कार्यक्रममा महाराष्ट्रका मुख्यमन्त्री देवेंद्र फडणवीस पनि उपस्थित हुनुहुन्थ्यो।

Tarique Rahman ले बंगलादेशका प्रधानमन्त्रीका रूपमा शपथ ग्रहण

Bangladesh Nationalist Party (बीएनपी) का प्रमुख Tarique Rahman ले आज बंगलादेशका नयाँ प्रधानमन्त्रीका रूपमा शपथ ग्रहण गर्नुभएको छ। हालै सम्पन्न आम निर्वाचनमा बीएनपीले भारी बहुमत हासिल गरेपछि रहमान प्रधानमन्त्री बन्नुभएको हो।
राष्ट्रपति Mohammed Shahabuddin ले 60 वर्षीय रहमानलाई परम्परागत रूपमा शपथ गराइँदै आएको Ban-ga-bha-ban को सट्टा Jatiya Sangsad South Plaza मा पद तथा गोपनीयताको शपथ गराउनुभयो। यो लामो समयदेखिको परम्पराबाट फरक कदम मानिएको छ।
शपथ ग्रहण समारोहमा भारतका लोकसभा अध्यक्ष Om Birla सहित विभिन्न देशका उच्चस्तरीय प्रतिनिधिहरू सहभागी भएका थिए।
यसअघि दिनको सुरुवातमा बीएनपीका सांसदहरूले रहमानलाई संसदीय दलको नेताका रूपमा चयन गरेका थिए। 13औँ संसदीय निर्वाचनमा बीएनपीले 2 सय सनतानब्बै मध्ये 209 सिट जितेको छ भने दक्षिणपन्थी Jamaat-e-Islami ले सडसठ सिट हासिल गरेको छ। पूर्वप्रधानमन्त्री Sheikh Hasina नेतृत्वको Awami League लाई भने यस निर्वाचनमा सहभागी हुन प्रतिबन्ध लगाइएको थियो।

मुख्य समाचार फेरि एकपल्ट

- प्रधानमन्त्री Narendra Modi र फ्रान्सका राष्ट्रपति Emmanuel Macron बीच मुम्बईमा द्विपक्षीय वार्ता
- नयाँ दिल्लीमा 'इन्डिया एआई इम्प्याक्ट समिट'को दोस्रो दिन;ग्लोबल साउथको पहिलो विश्व एआई शिखर सम्मेलनमा 20 देशका नेताको सहभागिता
- अमित शाहद्वारा गाँधीनगरमा 'मन्थन' राष्ट्रिय सहकारिता सम्मेलनको उद्घाटन
- Tarique Rahman ले लिनुभयो बंगलादेशका प्रधानमन्त्रीका रूपमा शपथ ग्रहण